विशेष अदालत, काठमाडौं

इजलास

सदस्य माननीय न्यायाधीश डा. श्री खुशी प्रसाद थारु

सदस्य माननीय न्यायाधीश श्री राम बहादुर थापा

सदस्य माननीय न्यायाधीश श्री रितेन्द्र थापा

संक्षिप्त फैसला

मुद्दा नं: ०७६-CR-०२७०

नेपाल सरकार.......................................................................................................वादी

विरुद्ध

कलाधर देउजा समेत.....................................................................१७५ जना प्रतिवादी

मुद्दाः सकारी जग्गा व्यक्तिका नाममा दर्ता गरी भ्रष्टाचार गरेको।

प्रस्तुत मुद्दाको संक्षिप्त ठहर यसप्रकार रहेको छ।

क. मिसिल नम्बर १०२४ र १०२५ बाट ११२ रोपनी जग्गा फिर्ता गरिएको सम्बन्धमा

तत्कालीन श्री ५ को सरकार मन्त्रिपरिषद् तत्काल प्रचलित जग्गा प्राप्ती ऐन २०२१ को दफा ६ को उपदफा (१) बमोजिम सार्वजनिक प्रयोजनका लागि उचित क्षतिपूर्ती समेतको व्यवस्था गरी "माल तिरेको ललिता निवास वालुवाटारको २९९-९-२-० जग्गामध्ये सुवर्णसमशेर र कञ्चन शमशेरको भागमा रहेको १४-११-०-० जग्गा श्री ५ को सरकारले लगिसकेको (जफत गरेको) सो कट्टा गर्दा बाँकी २८४-१४-३-० जग्गा र सोमा रहेका सबै घरहरु "अधिग्रहण गर्ने भनी मिति २०२१।८।१५ मा गरेको निर्णय अनुसार मिति २०२१।८।१७ मा नेपाल गजेटमा सूचना प्रकाशित भएको देखिन्छ। सोही सूचना बमोनिम तत्कालीन मजिष्ट्रेट अफिसले जग्गा प्राप्ती ऐन २०१८ को दफा १० बमोजिम हकदावीको सूचना मिति २०२१।९।०६ मा र जग्गाको क्षतिपूर्ति लिन आउने भनी मिति २०२१।०९।०६ मा गोरखापत्रमा सूचना प्रकाशन गरेको देखिन्छ। सुवर्ण शमशेर र कञ्चन शमशेरको भागको १४-११-३-० जग्गामा पहिले नै सरकार लागिसकेकोले श्वेतप्रभा समेतको २८४-

१४-३-० जग्गा प्राप्ती ऐन २०१८ को दफा १२ र १६ बमोजिम कसैको कुनै प्रकारको हकदैया कायम नरहने गरी श्री ५ को सरकारको हुने गरी मजिष्ट्रेट अफिस काठमाण्डौंले मिति २०२२।०२।२४ मा सूचना प्रकाशित गरी घर कम्पाउण्ड समेतका जग्गाहरु कब्जामा लिएको भन्ने देखिन्छ। श्री ५ को सरकार मन्त्रिपरिषद्को मिति २०२१।०८।१५ को निर्णय र मजिष्ट्रेट अफिसको कार्यहरु अन्तिम भएर बसेको देखिन्छ। सोही जग्गा मध्ये साविक काठमाण्डौ नगर वडा नं २३स कि.नं. १६ क्षे .फ ८-१२-२-० जग्गा कित्ता फोड गर्दा कायम कि.नं. २५ क्षे.फ ८-०-०-० जग्गा मिति २०३६।०७।२३ मा श्री ५ को सरकारको मिति २०२२।४।१० को निर्णयबाट कनक शमसेरले खरिद गरी आफ्नो नाममा स्रेस्ता कायम गरेको र बाँकी कि.नं. २६ क्षे.फ ०-१२-०-० श्री ५ को सरकारको नाममा बाँकी रहेको भन्ने देखिन्छ।

प्रतिवादी तर्फका कानून व्यवसायीहरुले सुवर्णशमशेरले मिति २०१७।०३।२९ मा आफ्ना हकदारहरुको नाममा बकसपत्र गरी निजको सुवर्ण शमशेरको नाउमा बाँकी रहेको ५६ रोपनी रहेको देखिदा मिति २०२१।०८।१७ मा प्रकाशित सूचनामा उल्लेखित जफत भएको जग्गा १४-११-३-० त्रुटीपुर्ण रहेको, जफत भएको जग्गा जम्मा ११४ रोपनी रहेको जिकिर गरेको देखिन्छ। सो सम्वन्धमा विचार गर्दा नेपाल गजेटमा प्रकाशित सूचनाहरु सही रुपमा प्रकाशित भएका हुन भनी अनुमान गर्नुपर्छ. अन्यथा पुष्टि गर्न सोही स्तरको आधिकारिक सूचना आवश्यक पर्छ, सूचनामा उल्लेखित विवरण मनोगत व्याख्याले अन्यथा भन्न मिल्दैन। उक्त सूचना आधिकारिक निकायबाट संसोधन गरिएको भन्ने प्रतिवादी जिकर समेत नरहेको उक्त मिति २०२१।०८।१७ को सूचना सही रुपमा नै प्रकाशित भएको देखिन आयो। मजिष्ट्रेट अफिस काठमाण्डौले जग्गा प्राप्ती ऐन २०१८ को दफा १२ र १६ बमोजिम श्वेतप्रभा राणा समेतको भागको क्षे. फ २८४-१४-३-० जग्गा र सो मा वनेको घरहरु अधिग्रहण गरेको निर्णयहरु अन्तिम भएर बसेको नै देखिन्छ।

तत्काल प्रचलित विशेष परिस्थिति नियन्त्रण ऐन २०१७ बमोजिम सुवर्ण शमशेर समेतका नाउमा जारी उपस्थित हुन आउने बारेको सूचना मिति २०१८।११।१९ को नेपाल गजेट भाग ३ अतिरिक्त ४३ मा प्रकाशित भएको देखिदा सोही समयको नजिक तिर सुवर्ण शमशेर र कञ्चन शमशेरको नाउको जग्गा जफत भएको अनुमान गर्न सकिन्छ। जफत भएको जग्गामा मालतिरो लाग्न सक्दैन। मिति २०२१।०८।१७ को नेपाल गजेटमा प्रकाशित सूचनामा मालतिरोको जग्गा उल्लेख भएकोले सुवर्ण शमशेरको मालतिरोको जग्गा क्षे. फ २८४-१४-३-० अधिग्रहण भएको देखिदा ललिता निवसको

२९९-०९-०२-० जग्गाबाट सो घटाउदा १४-११-०-० बाँकी रहने देखिंदा श्री ५ को सरकार लागेको जग्गा (जफत भएको) जग्गाको क्षेत्रफल सही रुपमा उल्लेख भएको देखिन आयो।

२०४७ सालमा प्रजातन्त्रको पुनरस्थापन पछि मन्त्रिपरिषद्बाट मिति २०४७।०२।१४, मिति २०४७।०४।०८ मा "२०१७ सालपछि प्रजातन्त्रको पुनर्स्थापनाको लागि भएका संघर्षहरूमा संलग्न रहेको कारणबाट विभिन्न व्यक्तिहरूको हरण भएको सम्पत्तिको विषयमा गृह मन्त्रालयले छानबिन गर्ने गरी श्री ५ को सरकार (म.प.) बाट मिति २०४७।०२।१४ मा निर्णय भैरहेकोमा त्यसरी छानबिनबाट फिर्ता दिनुपर्ने देखिएको सम्पत्ति प्रचलित कानूनले दिएको हदसम्मको मात्र फिर्ता दिने समेतका निर्णयहरु गरेको देखिन्छ।

विभिन्न व्यक्तिहरुको जफत भएको घर जग्गा फिर्ता दिने भनी मन्त्रिपरिषद्बाट मिति २०४७।०२।१४, मिति २०४७।०४।०८ मिति २०४७।०५।०३ मा भएका निर्णयहरु भन्ने आधारमा मालपोत कार्यालय डिल्लीबजारले:

१) मि.नं १०२४ मिति २०४९।०७।२५ मा साविक हाँडिगाउँ मौजा हा.नं. ४५६ भिड्ने ललिता निवास क्याम्पभित्रको श्री ५ को सरकारको दर्ता स्रेस्ताको जग्गा २९९-९-२-० रोपनी मध्येबाट का. जि. नगर २३क्ष कि. नं. ३३, ३४, ३५, ३६, ३७, ३८, ३९, ४०, ४३, ४४, ५१, ५३, ५४, ५५, ५६, ५७, ५८, ५९, ६०, ६१, ६२, ७२, ७४, ७५, ७९ र ८० का कित्ता संख्या २६ को जम्मा क्षेत्रफल २६-६-१-० रोपनी जग्गा तत्कालीन मालपोत अधिकृतहरु प्रतिवादी कलाधर देउजा, प्रतिवादी सुरेन्द्रमान कपाली नायव सुब्बा प्रतिवादी जगत प्रसाद पुडासैनी खरिदार प्रतिवादी युक्त प्रसाद श्रेष्ठले सुवर्ण शम्शेरका हकवालाहरू प्रतिवादीहरु सुनिती राणा, शैलजा राणा, रुक्म शम्शेरको नाममा ना.सा.,दाखिल खारेज, दर्ता गर्ने गरी निर्णय गरेको देखिन्छ।

२) साविक हाँडिगाउँ मौजा हा.नं. ४५६ भिड्ने ललिता निबास क्याम्पभित्रको श्री ५ को सरकारको दर्ता स्रेस्ताको जग्गा २९९-९-२-० रोपनी मध्येबाट मि.नं. १०२५ मिति २०४९/०७/२५ मा का.जि. नगर २३ह कि.नं. ३३, ३८, ३९, २८, २९, ३०, ३२, ३४, ३६, १७, २०, १८, १९, २१, २३, ८, १३, १४, २६, २७, ११ र नगर २३ क्ष कि.नं. १८, २०, २१, २२, २३, २४ गरी कित्ता संख्या २७ को जम्मा क्षेत्रफल ४९-०-३-० रोपनी जग्गा जग्गा तत्कालीन मालपोत अधिकृतहरु प्रतिवादी कलाधर देउजा, प्रतिवादी सुरेन्द्रमान कपाली नायव सुब्बा प्रतिवादी जगत प्रसाद पुडासैनी खरिदार प्रतिवादी युक्त प्रसाद श्रेष्ठले सुवर्ण शम्शेरका हकवालाहरू प्रतिवादीहरु सुनिती राणा, शैलजा राणा, रुक्म शम्शेरको नाममा ना.सा.,दाखिल खारेज, दर्ता गर्ने गरी निर्णय गरेको देखिन्छ।

३) साविक हाँडिगाउँ मौजा हा.नं. ४५६ भिड्ने ललिता निवास क्याम्पभित्रको श्री ५ को सरकारको दर्ता स्रेस्ताको जग्गा २९९-९-२-० रोपनी मध्येबाट मि.नं.१०२४ मिति २०४९/०९/२३ मा मि. नं. १०२४ मिति २०४९/०९/२३ मा का. जि. नगर २३क्ष कि. नं. ३०, ३१, ३२, ४१, ४५, ४६, ४७, ४९, ५०, ५२, ६४, ६५, ६६, ६७, ७०, ७१, ८१, ८२ र ८३ का कित्ता संख्या १९ को जम्मा क्षेत्रफल २८-१५-१-० रोपनी जग्गा तत्कालीन मालपोत अधिकृतहरु प्रतिवादी कलाधर देउजा, प्रतिवादी सुरेन्द्रमान कपाली नायव सुब्बा प्रतिवादी जगत प्रसाद पुडासैनी खरिदार प्रतिवादी युक्त प्रसाद श्रेष्ठले सुवर्ण शम्शेरका हकवालाहरू प्रतिवादीहरु रुक्म शम्शेर, शैलजा राणा र सुनिती राणा समेतको संयुक्त नाममा ना.सा., दाखिल खारेज, दर्ता गर्ने गरी निर्णय गरेको देखिन्छ।

४) साविक हाँडिगाउँ मौजा हा.नं. ४५६ भिड्ने ललिता निवास क्याम्पभित्रको श्री ५ को सरकारको दर्ता स्रेस्ताको जग्गा २९९-९-२-० रोपनी मध्येबाट मि. नं. १०२५ मिति २०४९/०९/२३ मा का.जि. नगर २३क्ष कि. नं. २५, २६, २७ र २९ का कित्ता संख्या ४ को जम्मा क्षेत्रफल ७-१४-०-० रोपनी जग्गा तत्कालीन मालपोत अधिकृतहरु प्रतिवादी कलाधर देउजा, प्रतिवादी सुरेन्द्रमान कपाली नायव सुब्बा प्रतिवादी जगत प्रसाद पुडासैनी खरिदार प्रतिवादी युक्त प्रसाद श्रेष्ठले सुवर्ण शम्शेरका हकवालाहरू प्रतिवादीहरु रुक्म शम्शेर, शैलजा राणा र सुनिती राणाको संयुक्त नाममा ना.सा., दाखिल खारेज, दर्ता गर्ने गरी निर्णय गरेको देखिन्छ।

नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०४७।०२।१४, मिति २०४७।०४।०८ र मिति २०४७।०५।०४ को निर्णयहरुमा विभिन्न व्यक्तिहरूको हरण भएको सम्पत्तिको विषयमा गृह मन्त्रालयले छानबिन गर्ने गरी छानबिनबाट फिर्ता दिनुपर्ने देखिएको सम्पत्ति भनी उल्लेख भएकोमा मालपोत कार्यालयको मिति २०४९।०७।२५ र मिति २०४९/०९/२३ को निर्णयहरूमा गृह मन्त्रालयको प्रतिवेदनलाई आधार लिएको नदेखिएको, मन्त्रिपरिषद्को निर्णयमा जग्गा फिर्ता लगायतका सम्पूर्ण कार्यहरु गर्ने भनी मालपोत कार्यालयलाई अधिकार प्रदान गरेको नदेखिएको अवस्थामा गृह मन्त्रालयको प्रतिवेदन बेगर नै सुवर्ण शमशेरका हकवालाहरु समेतको उक्त जग्गाहरु अधिग्रहण गरेको नभई जफत भएको हो भनी आफै निश्कर्षमा पुगी बदनियतपूर्वक मन्त्रिपरिषद्को निर्णयको आवरणमा प्रतिवादीहरुले सरकारी जग्गा व्यक्तिहरुको नाममा दर्ता गरेको देखिएको, दर्ता नामसारी दा.खा पश्चात सोही जग्गा मध्येबाट प्रतिवादी कलाधर देउजाले आफ्ना साढुभाई इन्द्र बहादुर थापा, प्रतिवादी सुरेन्द्रमान कपालीले आफ्ना भतिजा बुहारी शान्ती मल्ल प्रधानङ्ग, प्रतिवादी युक्त प्रसाद श्रेष्ठले आफ्ना

श्रीमती सरस्वती श्रेष्ठको नाउमा, विभागका महानिर्देशक मुकुन्द प्रसाद आचार्यले छोरी ज्वाईं बैकुण्ठ शर्मा रेग्मीको नाउमा जग्गा बकसपत्र पारित गरी गैरकानूनी लाभ लिएको देखिंदा प्रतिवादीहरु कलाधर देउजा, सुरेन्द्रमान कपाली, युक्त प्रसाद श्रेष्ठ मुकुन्द प्रसाद आचार्य, जगत प्रसाद पुडासैनीले आरोपदावी बमोजिम तत्काल प्रचलित भ्रष्टाचार निवारण ऐन २०१७ को दफा १३ बमोजिमको कसूर गरेको र सो कसूरमा मुख्य मतियार जग्गा फिर्ता गर्ने गराउने कार्यमा संलग्न रही गैरकानूनी लाभ लिएका प्रतिवादी राम कुमार सुवेदी र शोभाकान्त ढकाललाई जग्गा नामसारी दाखिल खारेज गरिलिने प्रतिवादीहरु सुनिति राणा, शैलजा राणा, हेमन शम्शेर, हाटक शम्शेर, र रुक्म शमशेरलाई सोही कसूरमा सोही ऐनको दफा १६क. को प्रतिवन्धात्मक वाक्यांश बमोजिम मुख्य अभियुक्त सरह सजाय हुने भई माथि उल्लेखित १२ जना प्रतिवादीहरुलाई माग दाबीको बिगो रु ९,००,००,०००।– (नौ करोषड रुपैयाँ) को दामासाहीले हुने जनही रु. ७५,००,०००।– (पचहत्तर लाख रुपैयाँ) जरिवाना र २ वर्ष कैद हुने ठहर्छ।

उलेल्खित जग्गा व्यक्ति विशेषका नाममा दाखिल खारेज नामसारी गर्न मालपोत विभागका तत्कालीन महानिर्देशक मुकुन्द प्रसाद आचार्यले मिति २०४९।०९।२० को निर्णय मालपोत कार्यालयमा पत्रचार गरेकोसम्म देखिएकोले प्रतिवादी धर्म प्रसाद गौतमले बदनियतपूर्वक प्रत्रचार गरेको पुष्टि हुन नसकी निज प्रतिवादीले आरोपित कसूरबाट सफाई पाउने ठहर्छ।

भ्रष्टाचार निवारण ऐन २०५९ को दफा ८ को उपदफा (४) र दफा ३ को उपदफा (३) बमोजिमको आरोपदाबीमा रहेका उल्लेखित जग्गाका आरोपपत्र तालिका २ मा उल्लेखित मोहीहरु बिल बहादुर महर्जनसमेत ५७ जना र जग्गा खरिद गरी राजीनामा वा बकसपत्र मार्फत हक प्राप्त गरेका आरोपपत्रको तालिका ३ मा उल्लेखित इन्द्र बहादुर थापासमेत १५ जना सो कसूरको मतियारको कसूर गरेको देखिंदा यी प्रतिवादीहरुका हकमा भ्रष्टाचार निवारण ऐन २०५९ को दफा ८(४) बमोजिमको दाबी पुग्न नसके तापनि भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १६क. बमोजिम मुख्य प्रतिवादीलाई हुने सजाय बराबर २ बर्ष कैद र आरोपपत्रमा उल्लेख भए बमोजिमको विगो बमोजिमको जरिवाना सजाय हुने ठहर्छ।

प्रतिवादीहरु सुनिति राणा, शैलजा राणा, हेमन शम्शेर हाटक शम्शेर, र रुक्म शमशेरले भ्रष्टाचारबाट हक प्राप्त गरेका उल्लेखित जग्गाहरु भ्रष्टाचार निवारण ऐन २०५९ को दफा ४७ बमोजिम जफत हुने ठहर्छ। सो ठहर्नाले सोही जग्गा खरीद गरी राजीनामा वा बकसपत्र मार्फत हक प्राप्त गरेका विभिन्न तहका आरोपपत्रमा उल्लेखित कल्पना तुलाधर समेत ६५ जना व्यक्तिहरुका नाममा

दर्ता रहेका जग्गा समेत जफत हुने ठहर्छ। सो ठहर्नाले मोहिका हैसियतमा जग्गा बाँडफाँडबाट प्राप्त गरेका जग्गासमेत र सोहि जग्गा खरीद गरी राजिनामा वा बकसपत्र मार्फत हक प्राप्त गरेका विभिन्न तहका आरोपपत्रमा उल्लेखित कल्पना तुलाधर समेत ६५ जना व्यक्तिहरुका नाममा दर्ता रहेका जग्गासमेत जफत हुने ठहर्छ। जग्गा खरिद गर्ने व्यक्तिहरुले आफ्नो थैली रकम भ्रष्टाचार निवारण ऐन २०५९ को दफा ४७ को प्रतिबन्धात्मक वाक्यांश अनुरुप देवानी दायित्व अन्तर्गत छुट्टै दाबी गरी ठहरे बमोजिम हुने नै हुँदा सो तर्फ केही बोलिरहनु परेन।

ख. <u>सुनिति राणाको नाममा छुट जग्गा दर्ता सम्बन्धमा</u>

यसमा, ललिता निवास क्यामप भित्रको सरकारले अधिग्रहण गरेको जग्गामध्ये तत्कालीन श्री ५ को सरकारको निर्णयले कनक शमशेरलाई बिक्री गरी मालपोत कार्यालय काठमाण्डौको मिति २०३६।०१।२३ को सदर टिप्पणी बमोजिम नगर २३स कि. नं १६ को ८-१२-२-० बाट कि.का. भई कायम कि नं २५ को ८-०-०-० रोपनी जग्गा कनक शमशेरका नाममा पारित भई बाँकी रहेको कि. नं २६ को ०-१२-२-० रोपनी हाल कायम कि.नं १११ र ४८ का जग्गाहरु उक्त जग्गाको साविक दर्ता तिरोको प्रमाण बेगर नै मालपोत ऐन २०३४ को दफा ७ (२) एवं मालपोत नियमावली २०३६ को नियम ४ क विपरित नेपाल सरकारलाई गैरकानूनी हानी र आफूलाई गैरकानूनी लाभ पुऱ्याउने बदनियतले प्रतिवादी श्याम कुमार क्षेत्रीले फायल पेश गरी श्रीहरी पुडासैनीले अधिकृत समक्ष पेश गरी मालपोत कार्यालय डिल्लीबजारका तत्कालीन मालपोत अधिकृत प्रतिवादी टिकाराम घिमिरे मालपोत अधिकृत प्रतिवादी हुपेन्द्रमणी के.सि. र नापी अधिकृत प्रतिवादी मोहम्मद साविर हुसैन भएको छूट जग्गा दर्ता समितिले सिफारिस गरी सोही सिफारिसका आधारमा मालपोत अधिकृत टिकाराम घिमिरेले मिति २०६२।२।२ मा प्रतिवादी सुनिती राणाका नाममा छुट जग्गा दर्ता गरी भ्रष्टाचार निवारण ऐन २०५९ को दफा ८ को उपदफा (१) को खण्ड (ज) बमोजिमको कसूर गरेको र प्रतिवादी सुनिती राणाले सो कसूरमा सोही ऐनको दफा २२ को प्रतिवन्धात्मक वाक्यांश बमोजिमको मतियारको कसूर गरेको देखिंदा निज प्रतिवादीहरु ६ जनाको हकमा कायम बिगो रु ४२,००,०००।- को दामसाहीले हुने जनही बिगो रु ७,००,०००।- बराबर प्रतिबादीहरुलाई जनही जरिवाना र जनही ६ महिना कैद हुने ठहर्छ। प्रतिवादी हेमाद्री शमशेर उपरको दाबी पुग्न नसकी यी प्रतिवादीले आरोपित कसूरबाट सफाइ पाउने ठहर्छ।

ग. हाल साविक

व्यक्तिका नाममा दर्ता स्रेस्ता रहेको देखिएको जग्गा जग्गाधनी स्रेस्ता र प्रमाणपूर्जाका आधारमा पुनः नापी हुँदाका बखत हाल साविक गरेको देखिएको, कुनै फरक जग्गाधनी वा क्षेत्रफल सिर्जना गरेको दाबी समेत नहेको तथा दावीको हाल साविकको कार्यमा बदनियतपूर्वक कुन कानून विपरित कार्य भएको हो बादीले दाबी लिन समेत नसकेको अवस्था हुँदा ललिता निवास क्याम्प, बालुवाटार भित्रका काठमाण्डौं नगर २३ (क्ष) कि.नं. ३३, ३४, ३५, ३६, ३७, ३८, ३९, ४०, ५४, ५५, ५६, ५७, ५८, ६०, ६१, ६२, ७२, ७४, ७५, ८०, ४३, ४४, ५१, ५३, ५९, ७९, नगर २३(ह) कि.नं. ३३, ३८, ३९, २८, २९, ३०, ३२, ३४, ३६, १७, २०, १८, १९, २१, २३, ८, १३, १४, २६, २७, ११, २३(क्ष) कि.नं. १८, २०, २१, २२, २३, २४, ३०, ३१, ३२, ४१, ४५, ४६, ४७, ४९, ५०, ५२, ६४, ६५, ६६, ६७, ७०, ८१, ८२, ८३ समेतका ११२ रोपनी भन्दा बढी सरकारी जग्गा मालपोत कार्यालय, काठमाण्डौं, डिल्लीबजारवाट मिति २०६०/०९/१५ मा तत्कालीन प्रमुख मालपोत अधिकृत टिकाराम घिमिरे, मालपोत अधिकृत हुपेन्द्रमणि के.सी., नायव सुब्बा टिका बहादुर बि.सी. र खरिदार जीवनाथ पोखरेलको प्रत्यक्ष संलग्नतामा सुवर्ण शम्शेरका हकदारहरू सुनिती राणा, शैलजा राणा, हाटक शम्शेर, हेमन शम्शेर र रुक्म शम्शेर समेतका व्यक्तिहरूका नाममा हालसाविक गरी जग्गाधनी प्रमाण पूर्जा दिएको र भूमि सुधार तथा व्यवस्थापन विभागबाट मिति २०५९।०६।२४ मा सहमती हुने गरी निर्णय गरेको कार्यमा प्रतिवादीहरुको बदनियत पुष्टि हुन नसकी सबै प्रतिवादीहरु सुनिती राणा, शैलजा राणा, हाटक शमशेर, हेमन शमशेर र रुक्म शमशेरको हकमा जग्गा दर्ताको कार्य नै कसूर ठहर भई सजाय समेत भएको देखिएको हुँदा हाल साविक सम्बन्धमा निज प्रतिवादीहरु र टिकाराम घिमिरे, रुद्र कुमार श्रेष्ठ, पुष्पराज उपाध्याय, टिका बहादुर वि सी, इन्द्र प्रसाद ढुंगाना, जीवनाथ पोखरेल, अर्जुन भण्डारीसमेतका प्रतिवादीहरुले सो हदसम्म आरोपदावीबाट सफाई पाउने ठहर्छ।

घ. बिशिष्ट व्यक्तिहरुको निवास विस्तार सम्बन्धमा

मिसिल संलग्न प्रमाणहरुको विश्लेशण गर्दा, मुख्य सचिवज्यूको संयोजकतामा मिति २०६६।१०।०८ मा विभिन्न मन्त्रालयहरुको सचिवज्यूहरुको वैठकले "प्रधानमन्त्री निवास परिसरको व्यवस्थाका लागि सरकारी जग्गा र अन्य प्रकारका जग्गा कानून संम्मत ढंगले छुट्याई व्यवस्थीत बनाउने कार्य भौतिक योजना तथा निर्माण मन्त्रालयले गर्ने" भनी निर्णय गरी बमोजिम प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयबाट मिति २०६६।१०।१४ मा पत्र लेखी भौतिक योजना तथा निर्माण

मन्त्रालयलाई जानकारी गराए बमोजिम भवन निर्माण तथा संभार डिभिजन कार्यालयबाट विशिष्ट व्यक्तिहरुको निवास विस्तार गुरुयोजना तयार गरी बिस्तार क्षेत्रमा पर्ने जग्गाहरुको विवरण माग गरेको देखिन्छ। मालपोत कार्यालय काठमाण्डौले मिति २०६६।१०।१० मा र भूमि सुधार कार्यालय काठमाण्डौले मिति २०६६।१०।१५ मा विस्तार क्षेत्रमा पर्ने जग्गाधनी एवं मोहीहरुको विवरण उपलब्ध गराएको देखिन्छ। भवन निर्माण तथा संभार डिभिजन कार्यालयबाट बिस्तार क्षेत्रको जग्गाहरुको मोही तथा जग्गाधनीहरुको विवरण तयार गरी मोही तथा जग्गाधनीहरुबाट मिति २०६६।१२।२५ मा सहमति प्राप्त गरी तथा सम्माननिय प्रधानमन्त्रीबाट मिति २०६६।११।२७ मा भएको निर्देशन बमोजिम सो विषयमा मन्त्रिपरिषद्बाट निर्णय हुनुपर्ने व्यहोरा तयार भएको देखिन्छ।

आवास तथा भौतिक योजना मन्त्रालयका तत्कालीन सचिव प्रतिवादी दीप बस्न्यातज्यूले प्रधानमन्त्रीज्यूको निर्देशन र विभागीय मनत्रीबाट प्राप्त स्विकृति बमोजिम मिति २०६६।१२।१९ मा प्रस्ताव पेश गरी मन्त्रिपरिषद्को मिति २०६६।१२।२९ को बैठकले

१. "नेपाल सरकार समरजंग कम्पनीको नाममा (मोही जनिएको) ललिता निवासको क्याम्प क्षेत्रको चाराकिल्ला भित्र जम्मा क्षेत्रफल २७-७-२-१ रोपनी सरकारी जग्गा मध्ये मोही भाग कट्टा गरी बाँकी रहने १३-११-३-०.५ जग्गा, र साबिक बाटो तथा राजकुलो समेतको क्षेत्रफल ०-१२-०-२ रोपनी गरी जम्मा क्षेत्रफल १४-१०-३-२.५ रोपनी अनुसूची १ मा उल्लेख भए बमोजिमका जग्गा मिलान गरी नक्सा बमोजिम दक्षिणतर्फ ( प्रधानमन्त्री निवास क्षेत्र परिसर) विस्तार गर्ने।
२. मोहीको हिस्सामा पर्ने क्षेत्रफल १३-११-३-०.५ रोपनी जग्गा र परिसर विस्तार गर्दा विस्तारित क्षेत्रमा पर्ने अनुसूची २ मा उल्लेख भए बमोजिमका व्यक्तिका नाममा दर्ता रहेको जग्गाको सट्टापट्टा गर्न भूमिसुधार तथा व्यवस्था मन्त्रालयबाट आवश्यक व्यवस्था मिलाउने।
३. सम्माननीय प्रधानन्यायाधीशज्यूको निवासको पश्चिम तर्फदेखि सम्माननीय प्रधानमन्त्रीज्यूको निवासको प्रस्तावित विस्तारित क्षेत्रको दक्षिणतर्फ नै सम्माननीय सभामुखज्यूको निवासबाट निस्की सुवर्ण शमसेर मार्गमा जोड्ने गरी करिव ५७० मीटर लामो मीटर चौडाई बाटो निर्माण गर्ने।
४. उक्त बाटो निर्माण गर्न आवश्यक अनुसूची : ३ मा उल्लेख भए बमोजिम क्षेत्रफल १४-३-० रोपनी जग्गा मध्ये नेपाल सरकारको नाममा रहेको क्षेत्रफल १-११-२-० रोपनी र

व्यक्तिको नाममा दर्ता रहेको क्षेत्रफल ७-३-१-१ रोपनी (सट्टा भर्ना नपाउने गरी) सहमति बमोजिम प्राप्त गर्ने।

५. सम्माननीय प्रधानमन्त्री निवास, सम्माननीय प्रधानन्यायाधीश निवास तथा सम्माननीय सभाध्यक्ष निवास परिसरको जग्गाको स्रेस्ता हालसम्म एकिन नभएकोले भोगचलन अनुसार फिल्ड नापी गरी भूमिसुधार तथा व्यवस्था मन्त्रालयले स्रेस्ता कायम गर्ने।

६. विशिष्ट व्यक्तिहरुको निवास भवनको वरिपरी निजी क्षेत्रबाट निर्माण हुने भवनहरुको उचाई, सुरक्षा खुल्ला जग्गाहरुमा निर्माण हुने भवनहरुको बनोट, वास्तुकला र सो वरिपरी बसोवास गर्न आउने मानिसहरुको लगत (Inventory) समेत आउने गरी काठमाण्डौ उपत्यका नगर विकास समिति मार्फत विशेष भवन निर्माण मापदण्ड तयार गरी कार्यान्वयन गर्ने।

७. भूमिसुधार तथा व्यवस्था मन्त्रालयबाट प्राविधिक खटाई फिल्डमा बाटोको रेखाङ्कन गर्ने, रेखाङ्कन कार्य समाप्त भएपछि पर्खाल तथा बाटो निर्माण गर्ने कार्य वजेट व्यवस्था गरी भवन निर्माण संभार डिभिजन कार्यालयले गर्ने।"

समेत सात बुँदे निर्णय गरेको देखिन्छ।

भूमि सुधार तथा व्यवस्था मन्त्रालयका तत्कालीन सचिव प्रतिवादी छविराज पन्तले विभागीय मन्त्री प्रतिवादी डम्वर श्रेष्ठको स्विकृतिमा मन्त्रिपरिषद्को मिति २०६६।१२।२९ को निर्णय कार्यान्वयनका सिलसिलामा मालपोत कार्यालय डिल्लीबजार काठमाण्डौले देहाय बमोजिम गर्ने गर्ने भनी प्रस्ताव पेश गरी मन्त्रिपरिषद्ले मिति २०६७।१।३१ मा निर्णय गरेको देखिन्छ-

(क) उक्त निर्णयको अनुसूची-२ मा उल्लेख भएको जग्गा मध्ये नेपाल सरकार (समरजंग कम्पनी वा बाटो) को नाममा दर्ता भएको जग्गाको हकमा दर्ता स्रेस्ता सच्याई नेपाल सरकार (सम्माननीय प्रधानमन्त्रीज्यूको निवास) कायम गर्ने र व्यक्तिको नाममा दर्ता भएको जग्गाको हकमा दर्ता भएको जग्गाको हकमा तत् तत् व्यक्तिको नामबाट नेपाल सरकार (सम्माननीय प्रधानमन्त्रीज्यूको निवास) को नाममा दाखिल खारेज गर्ने।

ख) उक्त निर्णयको अनुसूची-३ मा उल्लेख भएको जग्गा मध्ये नेपाल सरकार (समरजंग कम्पनी वा प्रधानमन्त्री निवास वा प्रधानन्यायधीश निवास वा सभाध्यक्ष निवास वा राजकुलो) को नाममा दर्ता भएको जग्गाको हकमा दर्ता स्रेस्ता सच्याई नेपाल सरकार (बाटो) कायम गर्ने र व्यक्तिको नाममा दर्ता भएको जग्गाको हकमा तत् तत् व्यक्तिको नामबाट नेपाल सरकार (बाटो) को नाममा दाखिल खारेज गर्ने।

(ग) उक्त निर्णयको अनुसूची -१ मा उल्लेख भएको मोही मध्ये सम्माननीय प्रधानमन्त्री निवासको दक्षिण तर्फ परिसर विस्तार क्षेत्रबाहिर परेको जग्गाको मोहीको हकमा तत् तत् जग्गा (कित्ता) मध्ये आधा जग्गा मोहीले रोजे तर्फको जग्गाको नेपाल सरकार (समरजंग कम्पनी वा राजकुलो वा बाटो) को नामबाट सम्बन्धित मोहीको नाममा दाखिल खारेज गर्ने र सम्माननीय प्रधानमन्त्री निवासको दक्षिणतर्फ परिसर विस्तार क्षेत्र भित्र परेका जग्गाको मोहीको नाममा दाखिल खारेज गरी बाँकी रहेको जग्गा मध्ये नेपाल सरकार (समरजंग कम्पनी, राजकुलो, बाटो) को नामबाट त्यस्ता मोहीको नाममा दाखिल खारेज गर्ने।

(घ) उक्त निर्णयको अनुसूची-२' मा जग्गा परेका जग्गावाला व्यक्तिको हकमा उक्त परिसर विस्तार क्षेत्र बाहिरको जग्गामा मोहीको नाम उल्लेख गरी नेपाल सरकार (समरजंग कम्पनी वा राजकुलो वा बाटो) को नाममा दर्ता भै आधा जग्गा मोहीको नाममा दाखिला खारेज गरी बाँकी रहेको जग्गा मध्येबाट मम्बन्धित जग्गाधनी (व्यक्ति) को नाममा (विस्तार क्षेत्रमा परेको क्षेत्रफल बराबरको जग्गा सोधभर्ना वापत) दाखिल खारेज गर्ने।

आवास तथा भौतिक योजना मन्त्रालयका तत्कालीन सचिव प्रतिवादी दीप बस्न्यातले विस्तारित क्षेत्रको बाटोमा पर्ने जग्गाधनी र मोहीहरुको विविरणमा मानवीय गल्तीले त्रुटी हुन गई यसरी विस्तार गरिने जग्गाको जग्गाधनी र मोहीको नाम र जग्गाको क्षेत्रफल समेत केही फरक परेको भनी मिति २०६७।०३।३० मा प्रस्ताव पेश गरी मन्त्रिपरिषद्को मिति २०६७।०४।२८ को बैठकबाट "नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०६६।१२।२९ र मिति २०६७।०१।३१ मा भएको निर्णय बमोजिम स्वीकृति प्रस अनुसूची को नं १,२ र ३ मा भएको त्रुटीलाई यससाथ संलग्न अनुसूची बमोजिम हेरफेर भएको गरी संसोधन गर्न स्वीकृति प्रदान गर्ने " भनी निर्णय भएको देखिन्छ। यसरी मन्त्रिपरिषद्बाट भएका उक्त निर्णय कार्यान्वियन गर्न भूमि सुधार तथा व्यवस्था मन्त्रलयबाट निर्णय कार्यान्वयन गर्ने मिति २०६७।२।६ मा लेखी आए बमोजिम मालपोत कार्यालय डिल्लीबजारबाट मिति २०६७।०८।१६ मा निर्णय गर्दा जग्गा सट्टापट्टा स्वरुप जग्गाधनी र मोहीहरुको नाममा नामसारी दाखिल खारेज गरी प्रकृया सम्पन्न गरेको देखिन्छ।

विशिष्ट व्यक्तिहरुको निवास परिसर विस्तार सम्बन्धी गुरुयोजना बमोजिम भवन निर्माण तथा संभार डिभिजन कार्यालयले नापी कार्यालय काठमाण्डौको प्राविधिक सहयोगमा परिसरको नक्शांकन गरी विस्तार क्षेत्रमा पर्ने नेपाल सरकार समरजंग कम्पनीको दर्ता स्रेस्ताको जग्गमा रहेका मोहीहरु तथा व्यक्ति विशेषको दर्ता स्रेस्तामा रहेको जग्गाधनीहरुको नाम र जग्गाको विवररण माग गरेको देखिन्छ।

माग बमोजिम भूमिसुधार कार्यालय काठमाण्डौका तत्कालीन कर्मचारीहरुले र मालपोत कार्यालय डिल्लीबजारका तत्कालीन कर्मचारीहरुले क्रमशः मिति २०६६।१०।१५ मा र २०६६।१०।१० मा भवन निर्माण तथा संभार डिभिजन कार्यालयलाई "साविक नापी बमोजिम हाल नापीमा भिडी सर्वोच्च अदालतको मिति २०६४।११।३० को फैसला मुताविक मोही कायम रहेको जग्गाको विवरण" भनी समरजंग कम्पनीको दर्ता स्रेस्ताको विभिन्न कित्ताको जग्गाहरुमा डाइभर भाइचा समेतका व्यक्तिहरुको नाम र विवरण पठाएको देखिन्छ।

तीर्थमाया महमर्जन बि अख्तियार दुरुपयोग अनुसन्धान आयोग समेत भएको २०६४ सालको रिट नं १५६ समेतका १२ थान मुद्दाहरुमा सर्वोच्च अदालतबाट मिति २०६४।११।३० मा भएको फैसलामा अख्तियार दुरुपयोग अनुसन्धान आयोगले समरजंग कम्पनीको नाउको विभिन्न कित्त नं का जग्गाहरु नेपाल सरकारको नाउमा दर्ता गर्नू भनी गरेको मिति २०६४।०२।२० को निर्णय उत्प्रेषणको आदेशले बदर गरी जे जो गर्नू भनी गुठी संस्थानको नाउमा परमादेश गरेको देखिन्छ। सो फैसलाले समरजंग कम्पनीको दर्ताको जग्गामा मोही कायम गरेको नदेखिएकोमा फैसलाको बदनियतपूर्वक गलत अर्थ लगाई उक्त जग्गाहरुमा मोही कायम रहेको भनी नाम र विवरण पठाइएको देखिन्छ।

मोही भनिएका व्यक्तिहरुले आरोप दावीको नेपाल सरकार समरजंग कम्पनीको कित्ता नं का जग्गाहरुमा भूमि सम्बन्धी ऐन २०२१ को प्रबन्ध बमोजिम भूमि सुधार अधिकारी समक्ष मोहियानी हक कायम तर्फ दाबी गरेको वा मोहियानी हक पुग्ने हो वा होइन ? आवश्यक प्रमाण बुझी मोहियानी हक पुग्ने ठहर भएको पनि देखिएन यसरी उल्लेखित व्यक्तिहरुको मोहियानी हक पक्का नै नभएको अवस्थामा प्रतिवादीहले भूमि सम्बन्धी ऐन २०२१ को प्रबन्ध छली झुठ्ठा मोहीहरुको नाम विवरण पठाएको कार्यमा प्रतिवादीहरुको बदनियत पुष्टि हुन आयो। सोही विवरणको आधारमा प्रतिवादी दीप बस्न्यातले अनुसूची १ (मोहीहरुको नाम विवरण) तयार गरी मिति २०६६।१२।१९मा प्रस्ताव पेश गरी मन्त्रिपरिषद्बाट मिति २०६६।१२।२९ मा प्रस्ताव बमोजिम गर्ने निर्णय भएको देखियो।

मोही भनिएका व्यक्तिहरुले आरोपदावीको नेपाल सरकार समरजंग कम्पनीको दर्ताको जग्गामा भूमि सम्बन्धी ऐन २०२१ को प्रबन्ध बमोजिम मोहियानी हक दावी नै नगरेका, मोहीयानी हक पुग्ने हो वा होइन भनी आवश्यक प्रमाण बुझी सुनुवाइ गरी मोहियानी हक पुग्ने ठहर नै नभएको, मोही भनिएका व्यक्तिहरुको मोहियानी हक स्थापित भइनसकेको अवस्थामा भूमि सुधार कार्यालय काठमाण्डौ र मालपोत कार्यालय काठमाण्डौका तत्कालीन मालपोत अधिकृत प्रेम बहादुर खापुङसमेतले मोही विवरण

पठाएको देखिएको र मोही विवरण पठाउँदा आधार लिइएको सर्वोच्च अदालतबाट २०६४ सालको रिट नं १५६ समेतका मुद्दामा भएका फैसलाको गलत अर्थ गरी उल्लेखित व्यक्तिहरुको मोहियानी हक स्थापित भएको भनी मोही विवरण पठाएको देखिएको हुँदा मन्त्रिपरिषद्बाट हुने निर्णयलाइ नै सुरक्षा कवच बनाई पारदर्शिताको सिद्वान्त विपरित भूमि सम्बन्धी ऐन २०२१ को प्रबन्ध र कानूनको सर्वोच्चता छल्ने बदनियतले मोही विवरण तयार गरी विशिष्ट व्यक्तिहरुको निवास विस्तार सम्बन्धी प्रस्ताव पेश गरी मन्त्रिपरिषद्बाट मिति २०६६।१२।२९ मा निर्णय भएको देखियो।

भूमि सुधार तथा व्यवस्था मन्त्रालयका तत्कालीन सचिव प्रतिवादी छविराज पन्तले मन्त्रिपरिषद्को मिति २०६६।१२।२९ को बुँदा नं २ समेत कानून सम्मत रुपमा कार्यान्वयन गर्नुपर्नेमा सो नगरी तहगत रुपमा टिप्पणी उठाइ सदर गरी भूमि सम्बन्धी ऐन २०२१ जग्गा प्राप्ती ऐन २०३४ समेतका प्रबन्धहरु छल्ने बदनियतले पारदर्शीताको सिद्वान्त विपरित मालपोत कार्यालय डिल्लीबजारले गर्ने भनी परिसर विस्तार क्षेत्र भित्र पर्ने र बाहिर पर्ने जग्गाको मोही हकमा आधा जग्गा नेपाल सरकार समरजंग कम्पनीको नामबाट मोहीका नाममा दाखिल खारेज गर्ने समेतका प्रस्ताव पेश गरेबाट मन्त्रिपरिषद्बाट मिति २०६७।०१।३१ मा प्रस्ताव बमोजिम गर्ने भनी निर्णय भएको देखियो।

प्रतिवादी दीप बस्न्यातको प्रस्तावमा अनुसूची १ अनुसूची २ र अनुसूची ३ मा संसोधन हुने गरी मन्त्रिपरिषद्बाट मिति २०६७।०४।२८ मा निर्णय भएको अवस्थामा मन्त्रिपरिषद्को उल्लेखित मिति २०६६।१२।२९ र मिति २०६७।०१।३१ को निर्णय कार्यान्वयन गर्ने नाममा मालपोत कार्यालय डिल्लीबजारका तत्कालीन निर्णय कर्मचारीहरुले तहगत रुपमा टिप्पणी उठाई सदर गरी मालपोत अधिकृत हरिकृष्ण तिमल्सिना समेतले मिति २०६७।०८।१६ मा निर्णय गरी मिति २०६७।०९।१२ र २०६७।१२।१४ मा प्रचलित कानूनको बर्खिलाप हुने गरी अपारदर्शी तवरले नेपाल सरकार समरजंग कम्पनीको नाम दर्ताको १९-१५-१-२ जग्गा मोही भनिएका व्यक्तिहरु र जग्गाधनीहरुका नाममा दाखिल खारेज गरेको देखिएको अवस्था देखिंदा प्रतिवादीहरुमध्येका मालपोत कार्यालय डिल्लीबजारबाट झुट्ठा मोहीहरुको नाम विवरण पठाउने तत्कालीन मालपोत अधिकृत प्रेम बहादुर खापुङ, ना.सु अर्जुन खतिवडा. भूमिसुधार कार्यालयका तत्कालीन भूमि सुधार अधिकारी शंकर प्रसाद सुवेदी, ना.सु अंगुर सिग्देल, ना.सु केदार प्रसाद श्रेष्ठ, प्रशासनिक निर्णयको अन्तिम जिम्मेवारीमा रहेका भूमि सुधार तथा व्यवस्था मन्त्रालयका तत्कालीन सचिव छविराज पन्त, भौतिक योजना तथा निर्माण मन्त्रालयका तत्कालीन सचिव दीप वस्न्यात, मालपोत कार्यालय डिल्लीबजारका तत्कालीन मालपोत अधिकृत हरिकृष्ण तिमल्सिना, शाखा अधिकृत परशुराम पोखेल शाखा अधिकृत कृष्ण प्रसाद

पौडेल, ना.सु प्रकाश भट्ट, ना.सु टंक पौडेलले मोहीको विवरण तयार गरी मोहीको नाममा जग्गा सट्टा भर्ना गर्ने प्रकृयामा बदनियतपूर्वक अपारदर्शी तवरले भूमि सम्बन्धी ऐन २०२१ तथा जग्गा प्राप्ती ऐन २०३४ का आज्ञात्मक प्रबन्धहरु छली कानूनको सर्वोच्चता विपरित मन्त्रिपरिषद्बाट निर्णय गराई प्रचलित कानूनमा तोकिएका ओहोदाको दुरुपयोग गरेको देखिँएको अवस्थामा मन्त्रिपरिषद्को निर्णय जीवितै रहेको र निर्णयकर्तालाइ मुद्दा नचल्ने आधारमा कसूरबाट उन्मुक्ति दिन मिल्ने नदेखिदा प्रतिवादीहरु छविराज पन्त, दीप वस्न्यात, प्रेम बहादुर खापुङ, अर्जुन खतिवडा, शंकर प्रसाद सुवेदी, अंगुर सिग्देल, केदार प्रसाद श्रेष्ठ, हरिकृष्ण तिमल्सिना, परशुराम पोखेल कृष्ण प्रसाद पौडेल, प्रकाश भट्ट, टंक पौडेलले नेपाल सरकारको नाम दर्ताको १९-१५-१-२ जग्गा विभिन्न व्यक्तिहरुका नाममा गैरकानूनी नामसारी दाखिल खारेज गरी बिगो रु ९,६५,७६,०००। बराबरको हानीनोक्सनी गरी भ्रष्टाचार निवारण ऐन २०५९ को दफा ८ को उपदफा (१) को खण्ड (ज) बमोजिमको कसूर गरेको देखिँदा सोही दफा बमोजिम निज प्रतिवादीहरुलाई दामासाहीले कायम हुने बिगो रु ८०,४८,०००।- बराबरको प्रतिवादीहरुलाई जनही जरिवाना हुने, बिगो असूल उपर हुने र प्रतिवादीहरुलाई जनही २ वर्ष कैद हुने र सोही ऐनको दफा ४७ बमोजिम आरोपदाबीको तालिका नं ६ मा उल्लेखित सट्टा भर्नाको जग्गा समेत जफत हुने ठहर्छ।

जग्गाधनीको हैसियतमा जग्गा सट्टापट्टा गरी प्राप्त गरेका जग्गाका जग्गाधनीहरु रजनी पनेरु, उमा ढकाल्नी, माधवी सुवेदी, डि.एल.एफ. डेभलपर्स प्रा.लि., भाटभटेनी डेभलपमेन्ट प्रा.लि., लक्ष्मी ढकाल, चमेली श्रेष्ठ, बाबा कार्की, अगम ढुंगाना र खेमलाल खरेल, इन्द्रदेव गुरुङले सट्टा भर्ना मार्फत प्राप्त गरेका जग्गासमेत ऐ.ऐनको दफा ४७ बमोजिम जफत हुने ठहर्छ। निजहरु उपरको अन्य आरोपदावी पुग्न नसक्ने ठहर्छ।

मोहीको हैसियतमा रही सरकारी जग्गा प्राप्त गर्ने भूमिकामा संलग्न रही गैरकानूनी लाभ लिएको देखिएकोले प्रतिवादीहरु श्रीकृष्ण महर्जन, द्वारिकामान महर्जन, ग्वाराभाइ महर्जन, मचानानी महर्जन, बाबुराजा महर्जन, रेना गुरुङ, तीर्थमाया महर्जन (आशा नारायण महर्जनको श्रीमती) तीर्थमाया महर्जन (नाती महर्जनको श्रीमती) देव नारायण महर्जन (नाती महर्जनका छोरा), देव नारायण महर्जन (ड्राइभर भाइचाको नाति आशाकाजी महर्जनका छोरा), कान्छा महँर्जन, हर्क नारायण भन्ने हर्ष महर्जनले भ्रष्टाचार निवारण ऐन २०५९ को दफा ८ को उपदफा (१) को खण्ड (ज) बमोजिमको कसूरमा सोही ऐनको दफा २२ बमोजिमको मतियारको कसूर गरेको देखिंदा निज प्रतिवादीहरुलाई समेत सोही दफा बमोजिम

मुख्य प्रतिवादीलाई हुने जनही २ वर्ष कैद हुने र निजहरुको हकमा आरोदाबी बमोजिम कायम जनही बिगो बमोजिम जरिवाना हुने ठहर्छ।

मोहीको भूमिकामा रहेका प्रतिवादीहरुको बयान समेतबाट अनाधिकृत मोही खडा गरी सरकारी जग्गा सट्टाभर्ना गर्ने गराउने कार्यमा मतियारको भूमिका निर्वाह गरी सट्टा भर्नाको जग्गा प्रतिवादीहरु मिनबहादुर गुरुङ, राम कुमार सुवेदी र शोभाकान्त ढकालले नै आफ्नो र आफन्तको नाउमा राजिनामा रजिष्ट्रेशन गरेको देखिएको अवस्था हुँदा सट्टाभर्नाको कार्यबाट गैरकानूनी लाभ लिने प्रतिवादीहरु मिनहादुर गुरुङ, राम कुमार सुवेदी र शोभाकान्त ढकाललाइ भ्रष्टाचार निवारण ऐन २०५९ को दफा ८(१)(ज) को कसूरमा सोही ऐनको दफा २२ को प्रतिवन्धात्मक वाक्यांश बमोजिम निज प्रतिवादीहरुलाई मुख्य प्रतिवादी सरह नै जनही २ वर्ष कैद र विगो बमोजिम रु ८०,४८,०००।- जरिवाना हुने ठहर्छ।

नेपाल सरकार मन्त्रिपरिषद्बाट मिति २०६६।१२।२९, मिति २०६७।१।३१, मिति २०६७।४।२८ मा भएका निर्णयहरुका सम्बन्धमा अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन २०४८ को दफा ४ को खण्ड (ख) समेतका आधारमा मन्त्रिपरिषद्बाट सामुहिक रुपमा गरेका नीतिगत निर्णयहरु आयोगको क्षेत्रअधिकार भित्र नपर्ने देखिएको भनी आयोग स्वयंले दावी गरिरहेको देखिंदा मन्त्रालयबाट कुनै एकल निर्णय गरेको बादीदावी नरहेको तथा मन्त्रिपरिषद्को मिति २०६६।१२।२९ को सामूहिक निर्णयमा हस्ताक्षर गर्ने कुनै एकजना मन्त्रीलाई मात्र मुद्दा दायर गर्ने क्षेत्राधिकार पुग्ने भन्न नमिल्ने, प्रतिवादी दीप बस्न्यातले तयार गरेको मिति २०६६।१२।१९ को प्रस्ताव प्रधानमन्त्रीको निर्देशनमा नेपाल सरकार ( कार्यासम्पादन ) नियमावली २०६४को नियम २१ अनुसूचि १ को खण्ड ४२ बमोजिम पेश भएको देखिएको हुँदा नियमावली बमोजिम सो प्रस्ताव पेश गर्न स्वीकृत गरेको आधारमा मात्र बदनियत पुष्टि हुने प्रमाणको अभावमा मन्त्रालयको नीतिगत निर्णय सम्मको जिम्मेवारीमा रहेका प्रतिवादी विजय कुमार गच्छादार उपरको दावी पुग्न नसक्ने र मन्त्रिपरिषद्को मिति २०६७।०१।३१ को निर्णयका लागि प्रतिवादी छवीराज पन्तले पेश गरेको मिति २०६७।०१।२७ को प्रस्ताव स्वीकृत गरेको आधारमा मात्र सामुहिक निर्णयको हस्ताक्षरकर्ता रहेका मन्त्रालयबाट कुनै एकल निर्णय गरेको पुष्टि हुने प्रमाणको अभावमा मन्त्रालयको नीतिगत निर्णय सम्मको जिम्मेवारीमा रहेका प्रतिवादी डम्बर श्रेष्ठ उपरको आरोपदावी पुग्न नसकी प्रतिवादीहरु विजय कुमार गच्छादार र प्रतिवादी डम्बर श्रेष्ठले आरोपित कसूबाट सफाइ पाउने ठहर्छ।

भवन निर्माण तथा संभार डिभिजन कार्यालयबाट माग भए बमोजिम विशिष्ट व्यक्तिहरुको निवास परिसर विस्तार गर्ने गरुयोजनामा नक्शांकनको कार्यमा प्राविधिक सहयोग प्रदान गरेको सम्म देखिएकोले बदनियत पुष्टि हुने प्रमाणको अभावमा नापी कार्यालय डिल्लीबजारका तत्कालीन नापी अधिकृत जनक बहादुर भण्डारी र कमल घिमिरे, सर्वेक्षक देव बहादुर लामिछाने, अमिन भरतचन्द्र अर्यालले आरोपित कसूरबाट सफाइ पाउने ठहर्छ।

प्रतिवादी मध्येका भवन निर्माण तथा संभार डिभिजन कार्यालका तत्कालीन कर्मचारी रहेका प्रतिवादीले प्रधानमन्त्रीको निर्देशन बमोजिम विशिष्ट व्यक्तिहरुको आवास परिसर विस्तार गर्ने गुरुयोजनामा प्राविधिक काम सम्म गरेको, मालपोत कार्यालय तथा भूमि सुधार कार्यालयबाट प्राप्त जग्गाधनीहरु एवं सरकारी जग्गाका मोहीहरुको विवरण पठाएको आधारमा मात्र बदनियत पुष्टि हुने प्रमाणको अभावमा यी प्रतिवादीहरु राजेन्द्रमान श्रेष्ठ, बालकृष्ण श्रेष्ठ, सुरोजराज राजकार्णिकार र अशोकनाथ उप्रेती तथा प्रतिवादीहरु भूमि सुधार तथा व्यवस्था मन्त्रालयका तत्कालीन उपसचिव हुपेन्द्रमणी के.सी, सहसचिव जीत बहादुर थापाले आरोपित कसूरबाट सफाई पाउने ठहर्छ।

ङ. पशुपति टिकन्छा गुठी कायम भएको सम्बन्धमा

मिसिल संलग्न प्रमाण कागजातबाट पशुपति टिकिन्छा गुठीको अस्तित्व रहेको देखिएतापनि गुठी संस्थान केन्द्रिय कार्यालयले दावी लिएको लगत र ललिता निवास क्याम्प भित्रको नगर २३ (क्ष) मा पर्ने कि. नं. ७३ र २३ (ह) मा पर्ने कि. नं. २२, ३१ र ३५ का जग्गाहरुको चौहद्दी वा साविक कि.नं. मिलेभिडेको नदेखिनुको अतिरिक्त लगत भिडने वैज्ञानिक आधार र कारणपेश हुन सकेको नदेखिएको,उक्त जग्गाहरुको फिल्डबुकमा राजगुठी वा पशुपती टिकिन्छा गुठी भन्ने जनिएको नदेखिएको, मोही भनिएका व्यक्तिहरुले साविकदेखि सालवसाली गुठीमा कुतबुझाएको नदेखिएको, सुवर्ण सम्शेर जबराको मिति २०१७।०३।१९ मा पारित र. नं. १५४७ को बण्डापत्रमा ललिता निवास कम्पाउण्ड भित्रको जग्गामा टिकिन्छा गुठी भन्ने उल्लेख भएको नदेखिएको अवस्थामा, मोहीका हकवाला हुँ भनी दावी गर्ने व्यक्तिहरुले गुठी कायम गरी जग्गाधनी दर्ता प्रमाण पुर्जा पाउँ भनी गुठी संस्थानमा दिएको निवेदनकोआधारमा टिप्पणी उठाउदै लगी जसरी पनि गुठी कायम गर्ने हेतुले सुवर्ण सम्शेर जवराको हकवालाहरु झिकाई सुनिती राणा, शैलजा राणा र रुक्म सम्शेर जबराद्धारा ललिता निवास क्याम्पभित्र पशुपती टिकिन्छा गुठीको जग्गा पनि छ भन्ने व्यहोराको कागज गराई दावीका जग्गाहरु पशुपती टिकिन्छा गुठी कायम गर्ने सम्बन्धमा टिप्पणी उठाई नेपाल सरकार मन्त्री परिषदमा प्रस्ताव पेश गरी नेपाल सरकारको स्वामित्वमा रहेको समरजङ्ग कम्पनीको नाममा रहेको लगत स्रेस्ता कट्टा गरी पशुपति

टिकिन्छा गुठी कायम गर्ने निर्णय गरी सोही निर्णयको आधारमा गुठी संस्थानको तात्कालिन प्रशासक बलिराम प्रसाद साह तेलीले मिति २०६९।१०।०५ मा निर्णय पर्चा खडा पशुपतिनाथ टिकिन्छा गुठी कायम गरी मोहिको हकवाला हुँ भनी दाबी गर्ने व्यक्तिहरुको नाममा स्रेस्तापुर्जा कायम गरी पुर्जा समेत दिने कार्य गरी नेपाल सरकारको स्वामित्वमा रहेको समरजंग कम्पनीको नाममा दर्ता स्रेस्ता कायम रहेको जग्गाहरुको लगत कट्टा गरी पशुपती टिकिन्छा गुठीको नाममा दर्ता गरी-गराई मोहीको हकवाला भनिएका व्यक्तिहरुको नाममा मोही कायम गरी स्रेस्ता पुर्जा दिएको कार्यले नेपाल सरकारलाई प्रत्यक्ष हानी नोक्सानी तथा व्यक्तिविशेषलाई प्रत्यक्ष लाभ पुऱ्याउने बदनियतपूर्ण कार्य गरेको देखियो । सो कार्य गर्ने गराउने गुठी संस्थान केन्द्रिय कार्यालय, त्रिपुरेश्वरका मुख्य अधिकृत हरिवोल आचार्य, गुठी संस्थान तहसील कार्यालय कालमोचन, काठमाण्डौंका बरिष्ठ सहायक रामेश्वर विडारी, गुठी संस्थान केन्द्रिय कार्यालय,त्रिपुरेश्वरको गुठी प्रशासक सेवन्तराज चापागाई, सह-प्रशासक हेमराजसुवेदी, भूमिसूधार तथा व्यवस्था मन्त्रालयका सह सचिव तेजराज पाण्डे, गुठी संस्थान सहायक प्रशासक तुलसी पोखरेल, उप-प्रशासक हरिप्रसाद जोशी,गुठी प्रशासक बलिराम प्रसाद तेली,कायम मुकायम गुठी प्रशासक दिलिप कुमार भट्ट,सहायक नवराज पौडेल,उप प्रशासक जय प्रसाद रेग्मी,सहायक प्रशासक शैलेन्द्र पौडेल,मालपोतकार्यालय, डिल्लीबजारका नायव सुब्बा फणिन्द्र प्रसाद दाहाल, नायव सुब्बा मणिकुमार राना,शाखा अधिकृत बद्री बहादुर कार्की, उप-सचिव लक्ष्मीनारायण उप्रेती, प्रमुख मालपोत अधिकृत दिनेश प्रसाद शर्मा समेतले आरोप दाबी बमोजिम भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) को देहाय खण्ड (ज) बमोजिम कसूर गरेको देखिन आएकोले निज प्रतिवादीहरुलाई ऐ. ऐनको दफा ८ को उपदफा (१)बमोजिम जनही १ वर्ष कैद र कुल विगो रु. ७,०८,४८,०००।- (सात करोड आठ लाख अठचालिस हजार रुपैयाँ) लाई दामासाहीले हुने जनही रु. ४१,६७,५२९।४१ (एकचालिस लाख सत्सठ्ठी हजार पाँच सय उनन्तिस रुपैयाँ एकचालिस पैसा) जरिवाना हुने तथा गुठी कायम भई नयाँ नापी बमोजिम हाल साविक गरी हकहस्तान्तरण समेत गरेको देखिएकोले सो जग्गाहरु नेपाल सरकारको नाममा यथावत स्वामित्व कायम हुने गरी जफत हुने समेत ठहर्छ ।निज प्रतिवादीहरु उपरको अन्य आरोप दाबी पुग्न नसक्ने ठहर्छ । गुठी कायम गरी जग्गा स्रेस्ता प्राप्त गरी हस्तान्तरण भइ सकेको जग्गाहरु- जफत हुने ठहरेकोले ऐ. ऐनको दफा ४७ को प्रतिवन्धात्मक वाक्याङ्शले खरिद गरि लिने व्यक्ति तथा संस्थाले खरिद गरेको थैली (रकम) देवानी दायित्व सरह दावी गरी असुल उपर गर्न सक्ने नै हुँदा सो तर्फ बोलिरहन परेन ।

मिसिल संलग्न प्रमाण कागजातबाट प्रतिवादी दिनेशहरि अधिकारीले मिति २०६३।०९।२६ को मन्त्री परिषदको निर्णय बमोजिम परिवर्तित सन्दर्भमा पुनः प्रस्ताव पेश गरेकोसम्म देखिएको र अर्का

प्रतिवादी चन्द्रदेव जोशीले तत्कालिन भूमिसुधार तथा व्यवस्था मन्त्रीको हैसियतले नेपाल सरकार मन्त्री परिषदमा पेश गर्नसोही प्रस्तावलाई स्वीकृति सम्म जनाएको देखिन आएकोले आलोकमा सो कार्यमा निज प्रतिवादीहरुको बदनियत तत्वको अभाव देखिएकोले प्रतिवादीहरु दिनेशहरी अधिकारी र चन्द्रदेव जोशीले आरोपदावीबाट सफाइ पाउने ठहर्छ ।

मृत्यु भइ सकेका प्रतिवादीको हकमा निजहरु उपर ठहर भएको कैद तथा जरिवानाको लगत राखी मृत्यु भएको कारण लगत कट्टा हुनेसमेत ठहर्छ ।

यो फैसलाको पुर्ण पाठ पछि उपलब्ध हुनेछ।

सदस्य सदस्य सदस्य

इति सम्वत् २०८० साल फागुन महिना ०३ गते रोज ५ शूभम्...........................................।